"हल्दीबारीको दृष्टि, कृषि र पर्यटन मार्फत समृद्धि"

हल्दीबारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हल्दीबारी, झापा, १ नं प्रदेश, नेपाल

प. सं. २०७६/०७७
च नं. ४९

पाना ।।१।।

मिति : २०७६।०४।१३

**विषय : परीक्षाको पाठ्यक्रम सहित परीक्षा मिति कायम गरिएको सूचना ।**

करार सेवामा चालु आर्थिक वर्ष २०७६।०७७ का लागि कर्मचारी नियूक्त गर्ने भनी यस गाउँपालिकाबाट मिति २०७६।०४।०६ गते प्रकाशित सूचना बमोजिम पर्न आएका आवेदनहरु मध्येबाट विज्ञापन नम्वरमा उल्लिखित माग पद संख्या बमोजिम आवश्यक उम्मेद्वार छनोट गर्नका लागि देहाय बमोजिमको मिति र समयमा हल्दीबारी गाउँ कार्यपालिकाको कार्यालय, मंगलबारेमा लिखित तथा प्रयोगात्मक परीक्षा सञ्चालन गरिने हुँदा सोही व्यहोरा उल्लेख गरी सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहाय**

| सि.नं. | विज्ञापन नं. | करार सेवामा माग गरिएको पदको नाम | लिखित परीक्षा सञ्चालन मिति र समय |
|---|---|---|---|
| १. | १।२०७६।०७७ | कार्यालय सहयोगी | मिति : २०७६।०४।२६ गते विहान ८.०० बजेदेखी |
| २. | २।२०७६।०७७ | सहायक कम्प्युटर अपरेटर | मिति : २०७६।०४।२७ गते विहान ८.०० बजेदेखी |
| ३. | ३।२०७६।०७७ | अमिन | मिति : २०७६।०४।२७ गते विहान ११.३० बजेदेखी |
| ४. | ४।२०७६।०७७ | हलुका सवारी चालक | मिति : २०७६।०४।२६ गते विहान ११.३० बजेदेखी |
| ५. | ५।२०७६।०७७ | हेभी सवारी चालक (व्याक हो लोडर) | मिति : २०७६।०४।२६ गते विहान ११.३० बजेदेखी |
| ६. | ६।२०७६।०७७ | हेभी सवारी सह चालक (व्याक हो लोडर) | मिति : २०७६।०४।२६ गते दिउँसो २.०० बजेदेखी |
| ७. | ७।२०७६।०७७ | सब इन्जिनियर | मिति : २०७६।०४।२७ गते विहान ११.३० बजेदेखी |

**लिखित तथा प्रयोगात्मक परीक्षाको पाठ्यक्रम**

१. **कार्यालय सहयोगी (करार) पदका लागि**

- चिठीपत्र दर्ता, चलानी, निवेदन लेखनसहित कार्यालय सञ्चालन र व्यवस्थापन सम्बन्धी आधारभूत जानकारी ।
- हल्दीबारी गाउँपालिकाको भौगोलिक, प्रशासनिक, राजनैतिक, नीतिगत र संगठनात्मक व्यवस्था सम्बन्धी सामान्य जानकारी ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धी सामान्य जानकारी ।

**नोट :** कार्यालय सहयोगी (करार) पदका लागि वस्तुगत प्रश्न १५ अंकभार र विषयगत प्रश्न ३५ अंकभार गरी जम्मा ५० अंकभारका प्रश्नहरु सोधिने छन् । लिखित परीक्षाको उत्तीर्णाङ्क २० अंकभार कायम गरिएको छ ।

२. **सहायक कम्प्युटर अपरेटर (करार) पदका लागि**

- सहायक कम्प्युटर अपरेटर पदका लागि लोक सेवा आयोगले निर्धारण गरेकै पाठ्यक्रम ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धी सामान्य जानकारी ।
- हल्दीबारी गाउँपालिकाको भौगोलिक, प्रशासनिक, राजनैतिक, नीतिगत र संगठनात्मक व्यवस्था सम्बन्धी सामान्य जानकारी ।

**नोट :** सहायक कम्प्युटर अपरेटर (करार) पदका लागि वस्तुगत लिखित परीक्षा वापत् २० अंकभारका प्रश्नहरु सोधिने छन् । प्रयोगात्मक परीक्षा ३० अंकभारको सञ्चालन गरिनेछ । लिखित परीक्षा र प्रयोगात्मक परीक्षाको उत्तीर्णाङ्क २० अंकभार कायम गरिएको छ ।

३. **अमिन (करार) पदका लागि**

- अमिन पदका लागि लोक सेवा आयोगले निर्धारण गरेकै पाठ्यक्रम ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धी सामान्य जानकारी ।
- हल्दीबारी गाउँपालिकाको भौगोलिक, प्रशासनिक, राजनैतिक, नीतिगत र संगठनात्मक व्यवस्था सम्बन्धी सामान्य जानकारी ।

**नोट :** अमिन (करार) पदका लागि वस्तुगत लिखित प्रश्न ५० अंकभारको सोधिने छ । लिखित परीक्षाको उत्तीर्णाङ्क २० अंकभार कायम गरिएको छ ।

४. **हलुका सवारी चालक (करार) पदका लागि**

- ट्राफिक नियमबारे जानकारी ।

२०७६।०४।१३
प्रमुख प्रशासकीय अधिकृत

- लगबुक सम्बन्धी जानकारी ।
- हल्दीबारी गाउँपालिकाको भौगोलिक, प्रशासनिक, राजनैतिक, नीतिगत र संगठनात्मक व्यवस्था सम्वन्धी सामान्य जानकारी ।

**नोट :** हलुका सवारी चालक (करार) पदका लागि वस्तुगत लिखित प्रश्न १५ अंकभारको सोधिने छ । प्रयोगात्मक परीक्षा ३५ अंकभारको सन्चालन गरिने छ । लिखित र प्रयोगात्मक परीक्षाको उत्तीर्णाङ्क २० अंकभार कायम गरिएको छ ।

५. **हेभी सवारी चालक करार (व्याक हो लोडर) पदका लागि**

- ट्राफिक नियमबारे जानकारी ।
- लगबुक सम्बन्धी जानकारी ।
- हल्दीबारी गाउँपालिकाको भौगोलिक, प्रशासनिक, राजनैतिक, नीतिगत र संगठनात्मक व्यवस्था सम्वन्धी सामान्य जानकारी ।

**नोट :** हेभी सवारी चालक करार (व्याक हो लोडर) पदका लागि वस्तुगत लिखित प्रश्न १५ अंकभारको सोधिने छ । प्रयोगात्मक परीक्षा ३५ अंकभारको सन्चालन गरिने छ । लिखित र प्रयोगात्मक परीक्षाको उत्तीर्णाङ्क २० अंकभार कायम गरिएको छ ।

६. **हेभी सवारी सह चालक करार (व्याक हो लोडर) पदका लागि**

- ट्राफिक नियमवारे जानकारी ।
- लगबुक सम्बन्धी जानकारी ।
- हल्दीबारी गाउँपालिकाको भौगोलिक, प्रशासनिक, राजनैतिक, नीतिगत र संगठनात्मक व्यवस्था सम्वन्धी सामान्य जानकारी ।

**नोट :** हेभी सवारी सह चालक करार (व्याक हो लोडर) पदका लागि वस्तुगत लिखित प्रश्न १५ अंकभारको सोधिने छ । प्रयोगात्मक परीक्षा ३५ अंकभारको सन्चालन गरिने छ । लिखित र प्रयोगात्मक परीक्षाको उत्तीर्णाङ्क २० अंकभार कायम गरिएको छ ।

३. **सब इन्जिनियर (करार) पदका लागि**

- सब इन्जिनियर पदका लागि लोक सेवा आयोगले निर्धारण गरेकै पाठ्यक्रम ।
- स्थानीय सरकार सन्चालन ऐन, २०७४ सम्बन्धी सामान्य जानकारी ।
- हल्दीबारी गाउँपालिकाको भौगोलिक, प्रशासनिक, राजनैतिक, नीतिगत र संगठनात्मक व्यवस्था सम्बन्धी सामान्य जानकारी ।

**नोट :** सब इन्जिनियर (करार) पदका लागि वस्तुगत लिखित प्रश्न ५० अंकभारको सोधिने छ । लिखित परीक्षाको उत्तीर्णाङ्क २० अंकभार कायम गरिएको छ ।

माथि उल्लिखित विज्ञापनमा लिखित तथा प्रयोगात्मक परीक्षामा उत्तीर्ण उम्मेद्वारहरुलाई मात्र अन्तर्वार्तामा समावेश गराइनेछ । उम्मेद्वार छनोट गर्दा स्थायी ठेगाना वापत्को अंक, न्युनतम शैक्षिक योग्यता वापत्को अंक, अनुभव वापत्को अंक, लिखित परीक्षामा प्राप्त गरेको अंक र अर्न्वार्तामा प्राप्त गरेको अंक गणना गरी सबैभन्दा वढी अंक प्राप्त गर्ने उम्मेद्वारलाई माग पद संख्या बमोजिम छनोट गरिने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

२०७६/०४/१२

सन्तोष घिमिरे

संयोजक, अन्तर्वार्ता तथा सचीव समिति

एवं

प्रमुख प्रशासकीय अधिकृत